# पुनर्जागरण समाज नेपाल
## RENAISSANCE SOCIETY NEPAL

*विकास, अधिकार र लोकतन्त्र प्रति प्रतिवद्ध*

# वार्षिक प्रतिवेदन २०६७
# Annual Report 2010



*सर्वेक्षण प्रतिवेदन विमोचन गर्दै माननिय रक्षा मन्त्री विद्या देवी भण्डारी*



*स्वास्थ्य र सरसफाई जनचेतना गीत गाऊँदै ग्रामिण महिलाहरु*



*वाहाने डाम्री ग्रामिण सडक उद्घाटन कार्यक्रममा सहभागी पार्टी प्रतिनिधि तथा अन्य सरकारी गैरसरकारी प्रतिनिधिहरु*

# विषयसूचि


| | |
|---|---|
| १. परिचय | १ |
| १.१ संस्थागत संरचना | १ |
| १.२ अवधारणा, ध्येय र उद्देश्यहरु | २ |
| १.३ रणनीति | ३ |
| १.४ कार्यक्रम कार्यान्वयन पद्धति | ३ |
| १.५ स्रोत तथा साधनहरु | ३ |
| २. विकास कार्यक्रम कार्यान्वयनमा भएका समग्र उपलव्धीहरु तथा प्रगति | ४ |
| २.१ उपलव्धीहरुको संक्षिप्त समिक्षा | ४ |
| २.२ परियोजना तथा लाभान्वीत समूह | ७ |
| २.३ पुनर्जागरण समाज नेपाललाई सघाउने दातृसंस्थाहरु | ८ |
| २.४ प्रकाशनहरु | ८ |
| २.५ संस्थाको वाह्य मूल्याङ्कन | ८ |
| ३. वार्षिक कार्यक्रम २०६६/६७ | ९ |
| ४. वार्षिक नीति तथा कार्यक्रमहरु (आ.व. २०६७/६८ - २०६८/६९) | १० |
| ४.१ संस्थागत विकास कार्यहरु | १० |
| ४.२ चालु परियोजनाहरुको कार्यान्वयन | १० |
| ४.३ कार्यक्रम विकास र कार्यान्वयन | १० |
| ५. वित्तिय अवस्था | ११ |
| ६. भावी नीतिगत सूझावहरु | ११ |
| ७. अनुसूचिहरु | ११ |

## १. परिचय

समाजमा विद्यमान विभिन्न स्रोत, साधन तथा अवसरहरुवाट उपेच्छित तथा उत्पिडीत वर्गहरु खास गरी महिला, बालबालिका र दलित तथा जनजातीहरुको पहुँच विस्तार गर्ने लक्ष्य राखि समाज सेवी तथा विषय विशेषज्ञहरुको पहलमा वि.सं. २०५१ सालमा राष्ट्रियस्तरको गैरसरकारी संस्थाको रुपमा पुनर्जागरण समाज नेपालको स्थापना भएको हो । यस संस्थाको मुल उद्देश्य महिला तथा विपन्न समुदायको संगठित समूहहरुलाई एकिकृत गरि विकास निर्माणको कार्यमा संलग्न गरि ग्रामीण समुदायहरुको जीवन स्तरमा सुधार ल्याउन टेवा पुर्‍याउने रहेको छ ।

पुनर्जागरण समाज नेपाल पछि परेका समुदायलाई शीप, आजीविका, संस्थागत विकास, न्याय र संपदाहरुको संरक्षण का क्षेत्रहरुमा शसक्तिकरण गर्दै लोकतान्त्रिकरण र विकासमा मूल प्रवाहिकरण गर्ने अभियान हो । यो अभियानको तहत संस्थाले अति विपन्न समुदाय, कठिन भुगोलमा वसोवास गर्ने जनजाती तथा दलित, सामाजिक-सांस्कृतिक रुपमा पछि परेका क्षेत्रहरुमा वसोवास गर्ने आधारभूत तहका समुदाय संग विगत डेढ दशक देखि काम गरिरहेको छ । यस सन्दर्भमा संस्थाले शिक्षा, स्वरोजगार सृजना, शीप प्रवर्धन, लघु व्यवसाय, संस्थागत विकास, वचत तथा ऋण, सहकारिकरण, स्रोत व्यवस्थापन, न्याय, अधिकार, ग्रामिण पूर्वाधार, स्वास्थ्य शिक्षा, जस्ता क्षेत्रहरुमा अनवरत रुपमा कार्य गरिरहेको छ । दलित, जाजाती, आदिवासी, महिला, वालवालिका, यूवा, मधेसी, साना किसान यी कार्यक्रमहरुवाट पूर्ण लाभान्वीत भैरहेका छन् । अर्कोतर्फ, यसले आधारभूत तहमा भएका पहलहरुलाई संस्थागत र दिगो वनाउनका लागि आवस्यक नीतिगत व्यवस्थाहरु प्रवर्धन गर्न वहश, पैरवी र नमूना परिक्षणका कार्यहरु पनि गरिरहेको छ । यस अवधिमा संस्थाले देशको अधिकांश भू-भागमा कार्यक्रमहरु संचालन गर्ने अवसर प्राप्त गरेको छ । समानुपातिक, न्यायपूर्ण र समृद्ध समाज निर्माणका लागि आधारभूत तह देखि केन्द्र सम्मका नीति निर्माणका विभिन्न तहहरुमा पुगेर विकास र वहश पैरवीका कार्यहरु गर्दै नागरिक समाजको सच्चा कर्तव्य निर्वाह गर्न यो संस्था सक्षम हुंदै आएको छ ।

विगत १२ वर्षको अत्यासलाग्दो व्दन्दकालमा समेत यसले अति प्रभावित क्षेत्रहरुमा निर्वाध ढङ्गले विभिन्न कार्यक्रमहरु संचालन गरेको पक्ष स्मरणिय छ । उक्त अवस्थामा संस्थालाई समुदायवाट हरेक समयमा संरक्षण प्राप्त भएको कुरा विर्शन सकिन्न । यसको कार्यशैली पूर्ण पारदर्शी र जनमूखी हुनाले नै यो संभव भएको हो । जसले गर्दा हरेक वर्ष नयां भुगोल र समुदायसंग नयां र उन्नत कार्यहरु गर्न संभव हुंदै आएको छ । यो क्रम २०६६/६७ मा पनि कायम रह्यो र पछि पनि रहिरहनेछ ।

### १.१ संस्थागत संरचना

**साधारण सभाः** वार्षिक साधारण सभाले संस्थाको वार्षिक रणनीति, कार्यक्रम र योजनालाई समिक्षा गर्ने, स्वीकृत गर्ने, पुनरावलोकन गर्ने र निर्देशन दिने कार्य गर्दछ । साधारण सभाले कार्यकारिणी समितिको गठन गर्ने र संस्थाको लक्ष र उद्देश्य अनुसार कार्यक्रमिक दृष्टिकोण, रणनीति र अल्पकालिन उद्देश्यहरु निर्धारण गरि सो अनुसार गर्नका लागि अभिप्रेरित गर्दछ ।

**कार्यकारिणी समितः** यो संस्थाको साधारण सभा अन्तर्गतको सञ्चालक समिति हो । यसले साधारण सभाले प्रदान गरेको नीतिगत निर्देशन र परिधि भित्र रहि प्रभावकारी ढंगले नीति तथा कार्यक्रम कार्यान्वयन गराऊंदछ । कार्यकारिणी समितिले कार्यक्रमको समग्र समिक्षा गर्ने, नीति तथा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी लिने, आवस्यकता अनुसार कर्मचारी भर्ना गर्ने, वार्षिक लेखापरिक्षण गराउने, आवस्यकता अनुसार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने र साधारण सभामा प्रतिवेदन पेश गर्ने कार्य गर्दछ । साथै आवस्यक नीतिहरु वनाई लागु गर्न साधारण सभामा पेश गर्न सक्दछ ।

**व्यवस्थापनः** कार्यकारी अध्यक्ष, सचिव तथा केन्द्रिय कार्यालयका लेखा तथा प्रशासन अधिकृत र विषयगत कार्यक्रम संयोजक सम्मिलित व्यवस्थापन समितिले कार्यकारिणी समितिको निर्देशन र साधारण सभाको

निर्देशन मुताविक संस्थाको दैनिक कार्यहरु संपादन गर्ने, आयोजनाहरुको विकास र व्यवस्थापन गर्ने र आवधिक प्रगति समिक्षा एवं प्रश्तुती गर्ने कार्य गर्दछ ।

यसले विकेन्द्रित नीति अनुरुप फिल्ड कार्यालयहरु र साझेदार स्थानिय संस्थाहरु संग आवस्यक संयन्त्र विकास गरि कार्याक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नुको अलावा देशमा विद्यमान अवस्था तथा अवसर अनुसार संस्थालाई गतिशिल र नागरिक समाजको अभिन्न अङ्गको रुपमा संचालन गर्दछ ।

## १.२ अवधारणा, ध्येय र उद्देश्यहरु

**अवधारणाः**

- *प्रयाप्त सामाजिक, सांस्कृतिक र प्राकृतिक स्रोत साधन, अवसर र संभाव्यता हुंदा हुदै पनि नेपाली समाजले तिनीहरुको समुचित व्यवस्थापन र उपयोग मार्फत समृद्धि प्राप्त गर्न सकेको छैन । उपयोगका विभिन्न तरिकाहरुको प्रवर्धन गर्ने अग्रसरता लिनु आवस्यक छ ।*
- *परम्परागत मान्यता, शीप र प्रचलनहरुको वजारमुखी व्यावसायिक विकास मार्फत समुदायको समानुपातिक र न्यायिक ढङ्गले आर्थिक सामाजिक रुपान्तरण संभव छ ।*
- *अशिक्षा, जडता, परनिर्भरता र गतिशुन्यता नेपाली समाजको विकास र रुपान्तरणका प्रमुख अवरोधहरु मान्दै सम्मान, सहभागिता र सहकार्य मार्फत गतिशिलता उत्पन्न गर्न सकिन्छ ।*

**ध्येयः** उद्यमशिलता र नमुना कार्यक्रमहरु मार्फत ग्रामिण क्षेत्रमा बस्ने गरीब, खासगरी महिला, साना किसान, पिछडिएका समुदायहरु र अल्पसंख्यक आदिवासी जनजातीहरुको जीवन स्तरमा सुधार ल्याउने र उनीहरुको सामाजिक-आर्थिक पक्षहरुमा सशक्तिकरण गर्नु यस संस्थाको प्रमुख ध्येय हो ।

**उद्देश्यः** पुनर्जागरण समाज नेपालले समाजमा विद्यमान विभिन्न स्रोत, साधन तथा अवसरहरुवाट उपेच्छित तथा उत्पिडीत वर्गहरु खास गरी महिला, बालबालिका र दलित तथा जनजातीहरुको पहुँच विस्तार गर्ने मुख्य उद्देश्य लिई कार्यहरु गरिरहेको छ । यस संस्थाका सहायक उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. गरीव तथा विपन्न वर्गका समुदायको जीवन-वृत्ति विकासका लागि विभिन्न आयमूलक कार्यक्रमहरुको विकास, कार्यान्वयन र मूल्याङ्कन गर्ने ।
२. समाजका विविध क्षेत्रहरु जस्तैः शिक्षा, वातावरण, स्रोत परिचालन, लघु वित्त, लैङ्गिक समानता र स्वास्थ्य खासगरि एड्स र मातृशिशु स्वास्थ्यका क्षेत्रमा चेतना अभिवृद्धि गर्ने ।
३. दिगो कृषि, खाद्य सुरक्षा, सामुदायिक कृषि-वन, पशुपालन, स्वच्छ खानेपानी, सिँचाई, नविकरणिय उर्जा, संस्थागत विकास, उद्यमशिलता र ग्रामिण पूर्वाधार विकास सँग सम्बन्धित परियोजनाहरु सञ्चालन गर्ने ।
४. स्थानिय समुदायहरु सँग मिलेर नयाँ संस्थाहरुको निर्माण र विद्यमान सामुदायिक संस्थाहरुलाई सुदृढ गर्ने ।
५. मौलिक ज्ञान, शीप र स्रोतहरुको प्रबर्द्धन गरि स्वावलम्वन, प्राकृतिक स्रोत संरक्षण, वातावरण तथा जैवीक विविधताको विकास प्रकृयालाई सवल गराउने ।
६. आम जनताको भलाईको निमित्त स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार र जनमत निर्माणका कामहरु गर्ने ।
७. सभा, गोष्ठी, कार्यशाला र तालिमहरु सञ्चालन गर्ने तथा मानव संशाधनको विकास गर्ने ।
८. समुदायको सामाजिक, आर्थिक अवस्था एवं उनीहरु सँग सम्वद्ध विभिन्न पक्षहरुका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने ।

९. विकास योजना, कार्यक्रम, नमूना तथा विधीहरुको अध्ययत तथा मूल्याङ्कनका कामहरु गर्ने ।

१०. समकालिन परिवेश, दिगो विकास, प्रजातन्त्र, मानव अधिकार, लैंङ्गिक समानता, कमैया, स्वास्थ्य समस्या, कृषि जन्य विषाधिहरुको असर, जस्ता विषय वस्तुहरुसँग सम्बन्धित सूचना तथा जानकारीको प्रचार प्रसार गर्ने ।

११. आम शिक्षाको लागि जनकेन्द्रित सुचना, शिक्षा र सञ्चार सम्बन्धि पाठ्य सामग्रीहरुको प्रकाशन गर्ने ।

## १.३ रणनीति

कार्यक्रम सञ्चालनमा यसले निम्न रणनीति अख्तियार गरेको छ :

(१) **साझेदारी (Partnership)**:- नागरिक समाज र सामुदायिक संस्थाहरुसँगको साझेदारीमा काम गर्ने । गरीवी न्यूनिकरण, विकासको अधिकार र निर्णय प्रकृयामा सहभागी हुने सवालमा स्थानिय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा चेतना वृद्धि गर्ने, अभियानहरु चलाउने र वकालत गर्ने ।

(२) **स्रोत परिचालन (Resource Mobilization)**:- जनसमुदायहरुलाई प्राकृतिक, मानविय, वित्तिय, समाजिक-राजनैतिक स्रोतको पहिचान, विकास र परिचालन गर्न सक्षम गराउने ।

(३) **संस्था निर्माण (Institution building)**:- उपभोक्ता समूहहरुलाई सामुदायिक संस्था (CBOs), सहकारी र व्यवसायिक समूहहरुमा विकास गर्ने । उनीहरुको संघ बनाउने तथा स्थानिय निकाय, सेवा केन्द्रहरु, व्यवसायिक संगठनहरु र गैससहरु सँगको सम्बन्ध बढाउने ।

## १.४ कार्यक्रम कार्यान्वयन पद्धति

मानव समुदायको समग्र विकासले मात्र गरीवी निवारण गर्न सकिने हुँदा सहभागितामूलक र मागमा आधारित कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने विधीलाई संस्थाले अपनाउदै आएको छ । यसर्थ संस्थाले संचालन गर्ने कार्यक्रमहरु बढी एकिकृत हुने गरेका छन् । संस्थाले सञ्चालन गर्ने क्रियाकलापहरुमा **जीविकोपार्जन/ लघुउद्यम, शिक्षा, स्वास्थ्य, सु-शाासन, अधिकार, र वातावरण** जस्ता पक्षहरु अभिवाज्य रुपमा गाँसिएका छन् ।

यसै गरि नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुपका कार्यहरु गर्न संस्थाले सहयोगीको भूमिका निर्वाह गर्ने नीति लिएको छ । जस अनुरुप गरीवी निवारण र समावेशीकरण उन्मुख कार्यक्रमहरुलागि अध्ययन प्रतिवेदनहरु उपलब्ध गराउने, सामुदायिक विकासका कार्यहरुमा सहजीकरण गर्ने र नमूना कार्यक्रमहरुको विकास र कार्यान्वयन गर्ने कार्यहरुलाई प्रवर्धन गर्ने कार्यहरुलाई निरन्तरता दिइएको छ ।

## १.५ स्रोत तथा साधनहरु

संस्थासंग कार्यालय संचालन र परियोजना व्यवस्थापनका लागि आवस्यक मानव संशाधन, कार्यालय र भौतिक साधन एवं उपकरणहरुका सुविधाहरु विद्यमान छन् ।



प्रम्परागत राडी आयआर्जनको राम्रो स्रोत हुंदै छ ।



सफल वाखापालक व्यवसाई



एमाले अध्यक्ष झलनाथ खनाल महिला लोकतान्त्रिक सञ्जालको कार्यक्रममा मन्तव्य दिदै

## २. विकास कार्यक्रम कार्यान्वयनमा भएका समग्र उपलव्धीहरु तथा प्रगति

### २.१ उपलव्धीहरुको संक्षिप्त समिक्षा

संस्थाका कार्यक्रमले हाल सम्म करिव तीन लाख जनसंख्यालाई गरीवी न्यूनिकरण, लघु उद्यम, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खाद्य सुरक्षा, ग्रामिण पूर्वाधार विकास, संस्थागत विकास, उर्जा, शीप विकास, शुसासन, अधिकार तथा समावेशीकरण, वातावरण प्रवर्धन, आदि क्षेत्रमा सघाई सकेको छ । यी प्रयासका केही महत्वपूर्ण उपलव्धीहरुलाई निम्नानुसार रहेका छन् ।

**१) गरीवी निवारण तथा लघु उद्यम प्रवर्धनः**

- सहभागी ३० हजार परिवारहरुको वार्षिक आम्दानी रु ६,२७२/वर्षले वृद्धि भैरहेको छ । उनीहरु विभिन्न ३२ प्रकारका लघु उद्यमहरु संचालन गरिरहेका छन् ।
- कृषि, पशुपालन, सेवा व्यवसाय, प्रविधि विकास संवन्धी साना उद्यमहरुको संचालनवाट रोजगारी वढेको छ ।
- स्थानिय आधारभूत तहमा लोकतान्त्रिकरणको जग वसेको छ । सामुहिक निर्णय प्रकृया, गाऊ टोलमा संभावना चुनौती र अवसरहरुको विश्लेषण गर्ने र उचित समाधानको पहलकदमी गर्ने परिपाटी संस्थागत भएको छ ।
- महिलाको सहभागिता दर १५% वाट वढेर ५५% पुगेको छ । महिलाहरुको आर्थिक सामाजिक शसक्तिकरण भएको छ ।
- विकास निर्माणका क्षेत्रमा हुने स्थानिय राजनीतिक व्दन्दहरुमा कमि आएको छ ।
- अत्यावस्यक ग्रामिण पूर्वाधारहरु, शीप र पूजीमा पहुंच पुगेको छ ।
- खेती प्रणालीमा व्यापक सुधार भई खाद्य सुरक्षामा अभिवृद्धि भएको छ ।
- जांड, रक्सी, जुवातास जस्ता सामाजिक विकृतिहरुमा कमी आई सामाजिक सद्भावमा वृद्धि भएको छ ।
- विपन्न वर्गहरुको लागि सहकारी दुग्ध उद्योगको स्थापना र सञ्चालन ।
- तराई क्षेत्रमा सहकारी अभियानको शुरुवात र मधेसी महिलाहरुमा आर्थिक र सामाजिक जागरण ।



आफ्नो व्यवसायिक तरकारी खेती देखाऊँदै डाम्रीका एक किसान



प्यूठान खवाङ्ग गा.वि.स.मा संस्थावाट निर्मात एक सामुदायिक प्राथमिक विद्यालय भवन

**२) अधिकार, समावेशीकरण र लोकतन्त्र**

- १३ वटा मूख्य राजनीतिक दलहरुले राजनीतक दल तथा राज्य संयन्त्रमा महिलाहरुको सहभागिता, शसक्तिकरण तथा समावेशीकरण अभिवृद्धिका लागि ५ वर्षे राणनीतिक कार्ययोजना निर्माण र अनुमोदन गरेका छन् ।

- रानीतिक दलका जिल्ला कार्यसमितिका महत्वपूर्ण पदहरुमा महिलाहरुको सहभागिता दर ८.३% वाट वढेर २२.२% पुगेको छ (सन २००८ को अवस्था) । राजनीतिक दल तथा राज्य संयन्त्रहरुमा महिलाहरुको ३३% सहभागिता पुराउन सर्व पक्षिय पहलहरु भैरहेका छन् ।
- ५४ जिल्लाहरु, विभिन्न निर्वाचन क्षेत्र, नगरपालिका र गा.वि.स.हरुमा राजनीतिक दलमा आवद्ध महिला नेतृहरुको अन्तरदलिय सञ्जालहरुको गठन भएको छ र उनीहरु अधिकार र समावेशीकरणका लागि वहश पैरवी गरिरहेका छन् ।
- नेपालको हाल सम्मकै वृहद राजनीतिक सर्वेक्षण संपन्न भई प्रतिवेदन प्रकाशन र वितरण भएको छ । सर्वेक्षणमा २९,५४६ जना राजनीति कर्मी समावेश ।
- संविधान सभा निर्वाचनमा १०१ सञ्जाल सदस्य उम्मेदवार तथा २५ जना सदस्यहरु सभासदमा निर्वाचित (समानुपातिक सहित) ।

### ३) ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रमः

ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम १३ जिल्लाहरुमा संचालन भएको छ । यस अन्तर्गत ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम र सामुदायिक खानेपानी तथा सरसफाई अयोजना रहेको छ । यी कार्यक्रमहरुवाट राप्ती, भेरी र कर्णालीका अति दुर्गम जिल्लाका समुदायहरु लाभान्वीत भएका छन् । कार्यक्रमका मुख्य उपलब्धीहरु निमनुसार छन्:

- ग्रामिण भागमा वस्ने ६,५७१ परिवारहरु (३९,८१२ जन संख्या) लाई स्वच्छ पिउनेपानी उपलब्ध भएको छ । हाल सम्म ४,९५० (७५%) परिवारमा आधुनिक सूलभ सौचालय निर्माण भएको छ ।
- प्रति परिवार सरदर २.५ घण्टा समय वचत भएको छ र वचत समय आयआर्जन क्रियाकलापमा प्रयोग भएको छ ।
- ३३६ महिला समूहहरु गठन भई रु १६८० हजार भन्दा वढि वचत शंकलन तथा आन्तरिक लगानी भएको छ ।
- स्थानिय निकायवाट आयोजनाहरुमा सह-लगानी भएको छ ।
- ४८ विद्यालयहरुमा स्वास्थ्य तथा सरसफाई शिक्षा र आधुनिक सौचालय निर्माण भएको छ ।



*प्यूठान जिल्लामा खानेपानीको धारा सफा गर्दै एक उपभोक्ता*

### ४) क्षमता विकास

- संस्थागत विकास, नेतृत्व विकास, समूह व्यवस्थापन, सहकारिता, वचत तथा ऋण परिचालन संवन्धि तालिम २० हजार भन्दा वढिलाई प्रदान गरिएको छ ।
- विभिन्न ३२ प्रकारका व्यवसाय तथा लघु उद्यम संचालनका लागि प्राविधिक तालिम उपलब्ध गराईएको छ
- विभिन्न राजनीतिक दलका नेता तथा महिला नेतृहरुलाई सञ्जाल निर्माण र व्यवस्थापन, रणनीतिक कार्ययोजना निर्माण, समावेशीकरण, स्रोत परिचालन, वहश पैरवी, नेतृत्व विकास, जस्ता तालिमहरु राष्ट व्यापी रुपमा उपलब्ध गराईएको छ ।
- स्थानिय गैरसरकारी संस्था, सहकारी संस्था, सामुदायिक संस्थाका सञ्जालहरु, आदिलाई व्यवस्थापन, कार्यक्रम संचालन, अनुगमन, स्रोत परिचालन, सामाजिक परिचालन, लेखा व्यवस्थापन, आदि प्रशिक्षण प्रदान गरिएको छ ।

### ५) स्वास्थ्य तथा सरसफाई

- आयोजना क्षेत्रहरुमा सौचालय प्रयोग गर्ने घरहरु ३% वाट वढेर ८५% पुगेका छन् ।
- स्वास्थ्य आनीवानीको विकास भई सरुवा रोगहरुमा व्यापक कमि आएको छ ।
- पोषणस्तरमा वृद्धि भई मातृशिषु मृत्यूदरमा निकै कमि आएको छ ।

### ६) शिक्षा

- आयोजना क्षेत्रमा साक्षरता दर ३५% वाट वढेर ८५% पुगेको छ । अनौपचारिक शिक्षावाट २० हजार भन्दा लाभान्वीत ।
- अनौपचारिक शिक्षा प्राप्त गरेका महिलाहरु साना वचत तथा ऋण कार्यक्रम र सामुदायिक संस्थाहरुमा आवद्ध भई आयआर्जन, लघु उद्यम र सामुदायिक विकास कार्यमा संलग्न भएका छन् ।
- विद्यालयहरुमा विद्यार्थि भर्नादर वढेको छ र स्कूल छाड्ने दर घटेको छ ।
- विद्यालय व्यवस्थापनमा सुधार आएको छ ।
- थप १४ वटा सुविधायूक्त विद्यालय भवन निर्माण भएका छन् ।
- सामुदायिक पुस्तकालय र स्रोतकेन्द्रहरुको निर्माणवाट विद्यार्थि, यूवा र किसान लाभान्वीत भएका छन् ।

### ७) जैविक उर्जा

- पूर्वाञ्चल विकास क्षेत्रका ११ जिल्लाहरुमा सजिवन खेतीको प्रवर्धन गर्न ६० जनालाई प्रशिक्षण तथा कार्ययोजना ।
- जैविक तेलको उपयोग व्दारा विद्युत उत्पादन, सवारी संचालन, कृषिप्रशोधन यन्त्र संचालन र पानी तान्ने पम्प संचालन संवन्धि नमूना आयोजनाहरुको सफल परिक्षण एवं प्रचार प्रसार ।
- नविकरणिय उर्जाको प्रयोग संवन्धि कार्यमूलक अनसन्धान र नीतिगत सुझावहरु ।

### ८) खाद्य सुरक्षा

व्यावसाईक खेती, सुधारिएको खेती प्रणाली र उन्नत प्रविधि एवं औजारको प्रयोग प्रवर्धन गरिएको छ ।
कार्यक्रमहरुमा खाद्य सुरक्षा एक अभिन्न अंगको रुपमा संलग्न गरिएको छ ।
संयूक्त राष्ट्र संग विश्व खाद्य कार्यक्रमको सहयोगमा तीन वर्षे अन्तरिम योजनामा खाद्य सुरक्षा खण्डको लेखनमा योगदान गरिएको छ ।
खाद्य सुरक्षा संवन्धमा विश्व खाद्य कार्यक्रम तथा कृषि मन्त्रालयका कर्मचारीहरुलाई प्रशिक्षण ।

### ९) साना सहरी विकास कार्यक्रम

- दुई वटा साना सहर वेलवारी (मोरङ्ग) र इटहरी (सुनसरी) का १०,३१३ परिवारले स्वच्छ पिउने पानी र स्वास्थ्य तथा सरसफाई शिक्षा प्राप्त गरेका छन् ।
- पूर्वाञ्चल विकास क्षेत्रका पांच वटा साना सहरी क्षेत्रमा खानेपानी तथा सरसफाई आयोजनाहरुको विस्त्रीत संभाव्यता अध्ययन भई आयोजना कार्यान्वयनको प्रकृयामा रहेका छन् ।
- नगरोन्मूख सहरका लागि स्वच्छ पिउनेपानी र स्वास्थ्य सरसफाई अभिवृद्धि संवन्धि आयोजना डिजाईनका लागि संखुवासभा, कैलाली र सुनसरी गरि तीन वटा नगरहरुमा विस्त्रीत अध्ययन र आयोजना डिजाई सिफारिस ।

### १०) स्रोत व्यवस्थापन

- पर्सा जिल्लाको चन्द्रावती खोलामा वांध निर्माण गरि ४.५ हेक्टरको जलासय निर्माण भएको छ र यसवाट मत्स्यपालन र सिंचाई सेवा प्राप्त भएको छ ।

- स्थानिय स्रोतहरुको समुचित प्रयोगवाट गरीवी न्यूनीकरण हुने नमूनाहरुको विकास र व्यवहारिक कार्यान्वयन ।
- अल्लो, लोक्ता, गैर काष्ठ पैदावर, स्लेट ढुङ्गा खानी संचालन, जडिवुटी खेती तथा प्रशोधन, जस्ता क्षेत्रहरुमा व्यवसाय संचालन गर्न आर्थिक तथा प्राविधिक सहयोग ।

**११) संस्थागत विकासः**

- सरकारी तथा निजी क्षेत्रलाई विज्ञ तथा परामर्श सेवा निरन्तर रुपमा उपलव्ध ।
- तराई क्षेत्रका दलित, आदिवासी, जनजाती तथा सिमान्तकृत वर्गको आर्थिक तथा सामाजिक शसक्तिकरण ।
- सार्वजनिक पुस्तकालय मार्फत शैक्षिक विकासमा टेवा ।
- अनौपचारिक शिक्षा मार्फत वचत तथा ऋण समूह हुंदै सहकारी संस्थाहरुको विकास ।

## १२) अभियान, वहश पैरवी तथा सञ्जाल निर्माण

यसै गरि संस्थाले विभिन्न राष्ट्रिय अन्तरराष्ट्रिय सञ्जालहरु संगको संवन्ध विस्तार गर्ने कार्य शुरु गरेको छ । संस्थाको पहलमा ५४ जिल्लाहरु र केन्द्रमा गरि ७१५ विभिन्न राजनीतिक दलका महिला नेतृहरु सम्मिलित महिला लोकतान्त्रिक सञ्जाल नामक राष्ट्रिय सञ्जाल निर्माणमा योगदान गरेको छ ।

संस्थाले दिगो संचालनका लागि केही सिर्जनशिल व्यावसायिक कार्यहरुमा लगानी पनि गरेको छ (स्वर्गव्दारी एफ एम, अमृत डेरी, हिमालय उर्जा विकास कंपनी लि., हिमाल उर्जा कन्सल्ट प्रा.लि. आदि) ।


**१३) परामर्श सेवा**

- नीति निर्माण, कार्यक्रम विकास र अभिमत सिर्जनाका लागि कार्यमूलक अनुसन्धान र प्रचार प्रसार ।
- आयोजना संभाव्यता र डिजाई संवन्धि परामर्श तथा अध्ययन ।
- कार्यमूलक मूलक तालिम तथा कार्यशाला गोष्ठीहरुको आयोजना ।

१४) **दैवी प्रकोप उद्धार तथा प्रकोप व्यवस्थापनः** संस्थाले दैवी प्रकोट अन्तर्गत नियमित रुपमा सघाउने कार्यहरु गरिरहेको छ । यस वर्ष संस्थाको कार्यक्रम स्थल प्यूठान जिल्लाको स्याउलीवाङ्ग गा.वि.स.मा आगलागि हुंदा संस्थाको पहलमा सात गा.वि.स.का सामुदायिक संस्था सञ्जालहरु परिचालन गरि रु ७८,०९३/- नगद, ३४ मुरी अन्न (खाद्यान्न) र १७५ थान भांडा वर्तन शंकलन गरि वितरण गरिएको थियो । यसै गरि कार्यक्रम स्थलका सामुदायिक संस्थाका प्रतिनिधिहरुलाई प्रकोप व्यवस्थापन संवन्धि अभिमुखीकरण तालि उपलव्ध गराईयो ।

यसको अलावा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका रोल्पा, रुकुम, जाजरकोट, दैलेख, कालिकोट जिल्लाहरुमा देखापरेको झाडापखालाको महामारीका समयमा जिल्ला दैवी प्रकोप समिति संग समन्य गरि आयोजना क्षेत्र र वरपर अल्पकालिन र दीर्घकालिन तहका स्वास्थ्य र सरसफाई संग संवन्धि सेवाहरुको वितरण, स्वच्छ पिऊने पानी र सौचालय निर्माण अभियान संचालन गरियो ।

**२.२ परियोजना तथा लाभान्वीत समूहः** संस्थाले हाल सम्म ६७ वटा परियोजनाहरु संचालन गरेको छ । यी मध्ये १२ वटा परियोजनाहरु स्थानिय गैरसरकारी संस्थाहरु संगको साझेदारीमा कार्यान्वयन गरिएको छ । विभिन्न वर्षको वजेट तथा लाभान्वीत जनसंख्याको विवरण तलका चार्टहरुमा दिईएको छ ।




## २.३ पुनर्जागरण समाज नेपाललाई सघाउने दातृसंस्थाहरुः

1. Multilateral donors: United Nations Development Programme (UNDP), FAO, UNICEF, UNIFEM, Asian Development Bank, World Bank/ IDA, etc.
2. Bilateral donors: DFID/ESP, Royal Danish Embassy (DANIDA), Canadian Co-operation Office (CCO), CECI, FCG International Finland, etc.
3. INGOs: READ Nepal, CARITAS, PACT, etc.
4. Government agencies: Social Welfare Council, Ministry of Local Development, Ministry of Physical Planning and Works, Alternative Energy Promotion Centre (AEPC), District Development Committees (DDCs), etc.
5. DFID/ ESP, SDC, AusAID, NORAD
6. South Asian Network for Development and Environmental Economics (SANDEE)/ IUCN

## २.४ प्रकाशनहरु

- त्रैमासिक वुलेटिन २०६४ साल देखि
- नेपालमा महिलाको राजनीतिक सहभागिता, सशक्तिकरण एवं समावेशीकरण - सर्भेक्षण प्रतिवेदन र रणनीतिक कार्ययोजना, २०६५

## २.५ संस्थाको वाह्य मूल्याङ्कन

पुनर्जागरण समाज नेपालको कार्यहरुको मूल्याङ्कन विभिन्न दातृ संस्थाहरुवाट भैरहेको छ । यसको अलावा आ.व. २०६६/६७ मा समाज कल्याण परिषदवाट समेत एक अनुगमन तथा मूल्याङ्कन टोली गठन गरि संस्थाका विगत ५ वर्षका कार्यहरुको समग्र मूल्याङ्कन गर्ने कार्य संपन्न भएको छ ।

## ३.वार्षिक कार्यक्रम २०६६/६७

पुनर्जागरण समाज नेपालले आ.व. २०६६/६७ मा संस्थागत तथा परियोजना कार्यान्वयन संवन्धि कार्यहरु संपन्न गरेको छ । यस आ.व.मा संस्थाको साधारण सभा संपन्न भएको छ भने १५ वटा परियोजनाहरु १३ जिल्लाहरुमा कार्यान्वयन गरेको छ । यसवाट जम्मा ११,११९ परिवारका ६७,२९१ जनसंख्या लाभान्वीत भएका छन् । आ.व. २०६६/६७ मा कार्यक्रम संचालन भएका जिल्लाहरु पर्सा, भक्तपुर, प्यूठान, रोल्पा, रुकुम, सल्यान, दैलेख, जाजरकोट, कालिकोछ, जुम्ला, डोल्पा, मुगु र हुम्ला रहेका छन् ।

आ.व. २०६६/६७ मा मुख्यतया चारवटा क्षेत्रमा संस्थाका कार्यहरु केन्द्रित रहेका छन्:

I. गरीवी निवारण तथा उद्यमशिलता प्रवर्धन, पर्सा जिल्लाका तीन गा.वि.स. तथा विरगञ्ज नगरपालिका, प्यठान जिल्लाका साता गा.वि.स.हरु का कूल ५,४२७ परिवार (जनसंख्या ३३,१६८)

II. ग्रामिण खोनपानी तथा सरसफाई कार्यक्रम प्यूठान, रोल्पा र रुकुम जिल्ला ९ गा.वि.स.का १,२०९ परिवार (जनसंख्या ७,०७६)

III. जैविक उर्जा प्रवर्धनः सजिवन खेती तालिम र चार वटा नमूना आयोजना संचालन -काठमाण्डौ, विरगञ्ज, लाहान र इटहरी)

IV. सहकारीता प्रवर्धनः प्यूठान जिल्लामा थप चार वटा सहकारी संस्थाहरुको गठन र संस्थागत सुदृढिकरण

V. सामुदायिक खानेपानी आयोजनाः रोल्पा, रुकुम, सल्यान, दैलेख, जाजरकोट, हुम्ला, जुम्ला, डोल्पा, कालिकोट र मुगु जिल्लाहरुमा ३८ वटा खानेपानी आयोजनाहरुको निर्माणकार्य संचालन र ४ जिल्लाहरुमा संपन्न । कार्यक्रमवाट ४,४५८ परिवारका २७,०२२ जनसंख्या लाभान्वीत ।

*परियोजना संवन्धि विस्त्रीत विवरण अनुसूचिमा दिईएको छ ।*

**आ.व. २०६६/६७ का प्रमुख उपलब्धीहरु**

- संस्थाको साधारण सभा र नयां कार्यसमितिको गठन
- पर्सा जिल्लामा गरीवी निवारण कोष कार्यक्रमको शुरुवात
- ग्रामिण खानेपानी तथा सरसफाई अयोजनाहरुको छैठौ तथा सातौं समूहको निर्माण कार्य संपन्न भयो । यसवाट ५६५ परिवारका ३,२७१ जनाले स्वच्छ पिउनेपानी प्राप्त गरे । यसै गरि रोल्पा तथा रुकुम जिल्लामा समेत कार्यक्रम विस्तार ।
- गरीवी निकारण कोष कार्यक्रम प्यूठान अन्तर्गत वाहाने डाम्री ९.२ कि.मी. ग्रामिण सडकको निर्माण संपन्न लगायत ३७ वटा पूर्वाधार आयोजनाहरुको कार्य संपन्न र उद्घाटन ।
- सामुदायिक खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सल्यान, रोल्पा, रुकुम, कालिकोट र दैलेखका मुख्य निर्माण कार्यहरु संपन्न ।
- विद्युत उत्पादन, सिंचाई, ट्रयाक्टर, कृषि मिलमा जैविक उर्जाको सफल परिक्षण र नमूना आयोजनाको प्रदर्शन एवं प्रचार प्रसार ।
- विभिन्न दातृ संस्थाहरुमा खानेपानी तथा सरसफाई, जैविक उर्जा, उद्यमशिलता प्रवर्धन, अधिकार तथा समोवेशीकरण, शिक्षा, आदि क्षेत्रमा ९ वटा परियोजना प्रशतावहरु पेश ।
- पुनर्जागरण समाज नेपालका कार्यहरु समेटिएको टिलिभिजन डकुमेन्ट्री कार्यक्रम निर्माण र प्रसारण ।
- दैवी प्रकोप उद्धार तथा व्यवस्थापन अन्तर्गत प्यूठान जिल्लाको स्याउलीवाङ्ग गाविसमा भएको भिषण आगलागीमा राहत परिचालन एवं पुनस्थापनमा सहयोग ।

## ४. वार्षिक नीति तथा कार्यक्रमहरु (आ.व. २०६७/६८ - २०६८/६९)

पुनर्जागरण समाज नेपालले चालु आ.व. २०६७/६८ मा संस्थाको उद्देश्य अनुरुप विभिन्न परियोजनाहरु संचालन गर्ने योजना राखेको छ । यस चालु आ.व.मा संस्थाका कार्यहरुलाई तीन मुख्य भागमा वाडिएको छ । जस अन्तर्गत संस्थाका नियमित संस्थागत कार्यहरु, चालु परियोजनाहरुको कार्यान्वयन र नयां कार्यक्रम विकास तथा कार्यान्वयन पर्दछन् ।

### ४.१ संस्थागत विकास कार्यहरु

संस्थागत नियमित कार्यहरु अन्तर्गत निम्न कार्यहरु गरिने छ :

- संस्थाको साधारण सभा १ पटक २०६७ आश्विन
- संस्थाको वार्षिक नविकरण १ पटक २०६७ आश्विन (जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र गैसस महासंघ)
- विभिन्न गैरसरकारी तथा राष्टिय/ अन्तरराष्टिय मञ्चहरुमा सदस्यता एवं आवद्धता
- प्रकाशन (वुलेटिन प्रकाशन २ पटक, व्रोसर प्रकाशन १ पटक, वेवसाईट अद्यावधिक नियमित)
- कार्यक्रमहरुको कार्यसमिति वाट अनुगमन तथा मूल्याङ्कन २ पटक
- संस्थागत कार्यहरुको मूल्याङ्कन २ पटक
- कार्यसमितिको वैठक कम्तीमा ५ पटक

### ४.२ चालु परियोजनाहरुको कार्यान्वयन

यस आ.व.मा निम्न चालु आयोजनाको कार्यान्वयन गरिनेछ

१. ग्रामीण पूर्वाधार विकास र आजिविका प्रवर्धन मार्फत विपन्न समुदायको गरिवी निवारण कार्यक्रम, प्यूठान,

२. वजार तथा लघु उद्यम पहुँच वृद्धि  मार्फत गरिवी निवारण कार्यक्रम, पर्सा,

३. सामुदायिक खानेपानी तथा सरसफाई आयोजना, कार्यान्वयन चरणका कार्यहरु संपन्न गर्ने

४. ग्रामीण खानेपानी तथा सरसफाई  आयोजना, आठौं समूह, कार्यान्वयन चरण, रोल्पा र रुकुम

५. ग्रामीण खानेपानी तथा सरसफाई  आयोजना, नवौं समूह, विकास चरण चरण, रोल्पा र रुकुम

६. वृद्ध वृद्धा सहयोग कार्यक्रम, प्यूठान

### ४.३ कार्यक्रम विकास र कार्यान्वयन

आ.व. २०६७/६८ मा संस्थाले आफ्नो विशेषज्ञता भएका क्षेत्रमा कार्यक्रम विकास गरि विभिन्न दातृ संस्थाहरुको सहयोगमा संचालन गर्ने छ । यस अवधिका लक्षित कार्यक्रमहरुमा>

- जैविक उर्जा कार्यक्रम अन्तर्गत जैविक उर्जा संवन्धि किसान तथा उद्यमिहरुलाई तालिम, नमूना आयोजना संचालन, अध्ययन अनुसन्धान आदि कार्यहरु गरिने छ ।
- पश्चिम नेपाल खानेपानी तथा सरसफाई आयोजना, प्यूठान मूल्याङ्कन प्रकृयामा रहेको छ ।
- सुशासन तथा महिला अधिकार र समावेशीकरण कार्यक्रम
- वातावरण, शिक्षा, शसक्तिकरण, सामाविक परिचालन र पूर्वाधार विकास संवन्धि अन्य कार्यक्रमहरु संचालन गर्ने अवसरहरुको पूर्ण उपयोग गरिनेछ ।

## ५. वित्तिय अवस्था

आ.व. २०६६/६७ को कुल आम्दानी रु १,१८,८८,४९३.७१ रहेको छ । जसमा ४ वटा दातृ संस्था एवं कर्मचारी, स्वयंसेवक तथा विज्ञहरुको सामुहिक योगदान रहेको थियो । यस आ.व.को कूल खर्च रु १,१४,८६,०३४.५१ रहेको छ । लेखापरिक्षण प्रतिवेदनको विवरण अनुसूचिमा दिईएको छ ।

## ६. भावी नीतिगत सूझावहरुः

- वाह्य संस्था र संवद्ध सञ्जालहरु संगको संपर्क तथा संवन्ध विस्तार गर्ने र आवद्धता वृद्धि गर्ने
- कार्यहरुको प्रचार प्रसारलाई व्यापकता दिने
- राष्ट्रव्यापी वहश पैरवीका अभियानमा संलग्नता वढाउने
- वाह्य संपर्क, राष्ट्रिय अभियानमा संलग्नता र संस्थागत व्यवस्थापन सुधारका लागि विषयगत उपसमितिहरुको गठन र परिचालन गर्ने
- कार्यक्रमहरुको वहिर्गमन नीति वनाई लागु गर्दै जाने
- लेखापालनका लागि व्यवहारिक सफ्टवेयरहरु उपयोगमा ल्याउने
- जन लेखापरिक्षणलाई संस्थाकै नीतिको रुपमा अंगिकार गर्ने
- विषयगत विज्ञताका आधारमा संस्थाका कामहरुलाई प्रवर्धन गर्ने
- मौसम परिवर्तन, खाद्य सुरक्षा अभिवृद्धि र परामर्श सेवाका कार्यहरुमा संलग्नता वढाउने

### संस्थाको स्थानिय समन्वय रणनीति

- कार्यक्रम भएका हरेक जिल्लाहरुमा संवद्ध पक्षहरुको समन्वय वैठक आयोजना गर्ने र अन्य संघ संस्थाहरुलाई पनि सो का लागि अभिप्रेरि गर्ने । दातृ संस्थारु संग समन्वय वढाउने । कार्यक्रमहरुलाई सहयोगी अन्य कार्यक्रमहरु संग समन्वय गराउने । स्थानिय निकायहरुवाट कार्यक्रमको अनुगमन गराउने ।

## ७. अनुसूचिहरु

## ७. अनुसूचिहरु

### क) संस्थापक सदस्यहरु

| क्र.स. | नाम | जिल्ला |
|---|---|---|
| १. | उर्मिला अर्याल | पर्सा |
| २. | यम बहादुर थापा | प्यूठान |
| ३. | कृष्ण मुरारी गौतम | काभ्रे |
| ४. | नीला घिमिरे | धनुषा |
| ५. | अन्जु सुब्वा श्रेष्ठ | काठमाण्डौ |
| ६. | श्रीमती शारदा पोखरेल | रोल्पा |
| ७. | श्री शिवराज पोखरेल | रोल्पा |

### ख) प्रवन्ध समितिको विवरण

२०६६ मंसिर १२ गतेका दिन पुनर्जागरण समाज नेपालको वार्षिक साधारण सभा आयोजना गरियो । यस साधारण सभामा निम्न ९ सदस्य रहेको कार्यसमिति गठन भयो ।

| क्र.स. | कार्यसमिति पदाधिकारीहरुको नाम | पद |
|---|---|---|
| १ | श्री यम वहादुर थापा | अध्यक्ष |
| २ | श्री विजय कुमार सिंह | उपाध्यक्ष |
| ३ | श्री मदन थापा | सचिव |
| ४ | डा. त्रिलोक्यनाथ श्रेष्ठ | कोषाध्यक्ष |
| ५ | श्री उर्मिला अर्याल | सदस्य |
| ६ | श्री शेष चांदतारा | सदस्य |
| ७ | श्री गीता देवी पाश्वान | सदस्य |
| ८ | श्री पुरुषोत्तम श्रेष्ठ | सदस्य |
| ९ | श्री पूर्ण वहादुर चेम्जोङ्ग | सदस्य |

### ग) संस्थाका साधारण सदस्यहरु (संस्थापक सदस्यहरु सहित)

| क्र.स. | सदस्यको नाम थर | स्थाई ठेगाना |
|---|---|---|
| १ | उर्मिला अर्याल | बालकोट २, भक्तपुर |
| २ | यम बहादुर थापा | बालकोट २, भक्तपुर |
| ३ | कृष्ण मुरारी गौतम | काभ्रे |
| ४ | नीला घिमिरे | धनुषा |
| ५ | श्रीमती लालमती देवी चौधरी | पर्सा |
| ६ | श्री हिरा काजी श्रेष्ठ | काठमाण्डौ |
| ७ | श्री प्रेम प्रसाद चौधरी | जितपुर, पर्सा |
| ८ | श्री शरद बावु श्रेष्ठ | गोर्खा |
| ९ | श्री तेज प्रसाद जैसी | वांके |
| १० | श्री ध्रुवराज घिमिरे | विजयनगर ३, प्यूठान |
| ११ | श्री विजय कुमार सिंह | महोतरी |
| १२ | श्री पुरुषोत्तम श्रेष्ठ | ललितपुर |

| | | |
|---|---|---|
| १३ | श्रीमती निर्मला पाण्डे | बनेपा, काभ्रे |
| १४ | श्रीमती शुश्मा चौलागाई | दधिकोट, भक्तपुर |
| १५ | डा. त्रिलोक्य नाथ श्रेष्ठ | काभ्रे |
| १६ | डा. गणपति ओझा | काठमाण्डौ |
| १७ | डा. शान्ति प्रसाद न्यौपाने | पिप्ले ७, चितवन |
| १८ | डा. रबा थापा | बालकोट २, भक्तपुर |
| १९ | श्री हिक्मत थापा | बाग्दुला, प्यूठान |
| २० | श्रीमती शारदा पोखरेल | रोल्पा |
| २१ | श्री पूण बहादुर चेम्जोङ्ग | पांचथर |
| २२ | श्री रमेश शर्मा | विरगंज १५, पर्सा |
| २३ | श्री मदन बहादुर थापा | बालकोट २ भक्तपुर |
| २४ | श्री शिवराज पोखरेल | रोल्पा |
| २५ | अन्जु सुब्वा | काठमाण्डौ |
| २६ | विजय प्रसाद महतो | जितपुर, पर्सा |
| २७ | गोविन्द प्रसाद नेपाल | पर्सा |
| २८ | श्रीमती निर्मला भण्डारी | विरगंज १७, पर्सा |
| २९ | श्रीमती खुद लक्ष्मी महत | विरगंज १०, पर्सा |
| ३० | गीता देवी पाशवान | महादेवपटी ५, पर्सा |
| ३१ | शेष चाँदतारा | विरगंज, ४ पर्सा |
| ३२ | राजु बराल | विरगंज पर्सा |
| ३३ | तुलसा वली | मानपुर ७, दाङ |
| ३४ | पुस्कर पोखरेल | मालु ५, दोलखा |
| ३५ | जय नारायण प्रसाद | जितपुर ९, पर्सा |
| ३६ | सरस्वती केसी | बाग्दुला, प्यूठान |
| ३७ | श्री कृष्ण भक्त राई | ललितपुर |
| ३८ | डा. त्रिरत्न वज्राचार्य | काठमाण्डौ |
| ३९. | श्री देवकी श्रेष्ठ | काठमाण्डा |
| ४०. | श्री प्रभावती देवी मुखिया विन | पर्सा |

## घ) मानव शंसाधन

**केन्द्रिय सचिवालय/ व्यवस्थापन समिति**

| | |
|---|---|
| १. श्री यम व. थापा | अध्यक्ष |
| २. श्री विजय कुमार सिंह | उपाध्यक्ष |
| ३. श्री मदन थापा | सचिव तथा कार्यक्रम संयोजन |
| ४. डा. त्रिलोक्यनाथ श्रेष्ठ | कोषाध्यक्ष तथा लघु उद्यम सल्लाकार |
| ५. श्री अर्जुन कुमार शाही | लेखा तथा प्रसाशन अधिकृत |

ङ.) संस्थामा कार्यरत प्रमुख कर्मचारीहरु

| क.सं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | श्री सुनिल ढकाल | सिभिल इन्जिनियर |
| २ | श्री जय नारायाण प्रसाद | कार्यक्रम संयोजक, गरीवी निवारण कोष कार्यक्रम पर्सा |
| ३ | श्री माधव प्र. देवकोटा | टीम संयोजक, कालिकोट |
| ४ | श्री पद्मराज न्यौपाने | फिल्ड अफिस ईन्चार्ज, रोल्पा |
| ५ | श्री तुल्सा वली | महिला अधिकार तथा विकास |
| ६ | श्री विमल गौतम | फिल्ड संयोजक, सल्यान |
| ७ | श्री कुवेर के.सी. | फिल्ड संयोजक, रुकुम |
| ८ | श्री हिकमत व. थापा | कार्यक्रम संयोजक, गरीवी निवारण कोष कार्यक्रम प्यूठान |
| ९ | श्री राधा जि.सी. | फिल्ड संयोजक, फण्ड वोर्ड कार्यक्रम, प्यूठान |
| १० | श्री काशीराम कार्की | फिल्ड संयोजक, जाजरकोट |
| ११ | श्री रमेश पौडेल | फिल्ड संयोजक, सामुदायिक खानेपानी रोल्पा |
| १२ | श्री कमल छन्ताल | फिल्ड संयोजक, हुम्ला |
| १३ | श्री वुद्धिराम शर्मा | फिल्ड संयोजक, दैलेख |
| १४ | श्री लक्ष्मी प्र. उपाध्याय | फिल्ड संयोजक, जुम्ला |
| १५ | श्री प्रजापति ज्ञवाली | फिल्ड संयोजक, मुगु |
| १६ | श्री धन व. डांगी | फिल्ड संयोजक, डोल्पा |

च) स्थानिय साझेदार गैर सरकारी संस्थाहरुः

१ जन ज्योती क्लव, वेलवारी, मोरङ्ग
२ सामाजिक सचेतना तथा सूचना केन्द्र - सिक्सा, इनरवा, सुनसरी
३ मधुरमा यूवा क्लव, रोल्पा
४ नेपाल मगर समाज तथा सूचना केन्द्र, रुकुम
५ पास नेपाल सल्यान
६ सुडेक दैलेख
७ ग्रामिण समाज नेपाल, जाजरकोट
८ ग्रामिण जन उत्थान विकास कार्यक्रम, हुम्ला
९ प्रविधि सेवा संघ, मुगु
१० सामुदायिक स्वास्थ्य तथा विकास केन्द्र, जुम्ला
११ नेपाल यूवा समाज, कालिकोट
१२ डोल्पा वातावरण, संस्कृति र विकास यात्रा - डिकेड, जुफाल डोल्पा

**छ) लेखापरिक्षण प्रतिवेदन**

*अलग्गै संलग्न गरिएको छ ।*

**ज) आ.व. २०६६/६७ का परियोजनाहरुको संक्षिप्त विवरण**
*समावेश गरिएको छैन ।*